# सुर्नया गाउँपालिका

## गाउँ सभा

# १३ औं अधिवेशन

प्रस्तुत
आ.व.२०८०/०८१ को

# नीति तथा कार्यक्रम

सुर्नया गाउँपालिका
रौलेश्वर, बैतडी

मिति :- २०८०/०३/०९

## सम्बत २०८० सालको नीति नं. ०१

## आर्थिक बर्ष २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट

मिति :- २०८०/०३/०९

**गाउँ सभाका सभाध्यक्ष ज्यु, सुर्नया गाउँपालिका गाउँ सभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरु**

**सर्वप्रथम सुर्नया गाउँपालिकाको गाउँ सभाको तेह्रौ अधिवेसनमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु।**

**यस गरिमामय सभाका सदस्य ज्यु,**

**गाउँ सभाका सबै सदस्य ज्यूहरु**

**उपस्थित सम्पूर्ण भद्र महिला तथा सज्जनवृन्द !!!**

सुर्नया गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम, यस गरिमामय गाउँ सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

सर्वप्रथम ईतिहासको कालखण्डमा देशको शासन व्यवस्था परिवर्तन एवं शान्ती स्थापनाको लागी आफ्नो ज्यान वलिदान गर्ने ज्ञात अज्ञात शहिदहरु प्रती श्रद्धासुमन व्यक्त गर्दै हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु। नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय एकता स्वतन्त्रता र स्वाभिमानलाई अक्ष्युर्ण राख्दै देशको समानता तथा समुचित विकासका लागी विभिन्न धर्म, लिङ्ग, पेशा, जातजातिको जनसहभागिता एवं समान अवसर सहित मुलुकमा स्थापना भएको संघीयता पश्चात सम्पन्न दोस्रो स्थानीय तहको निर्वाचनमा निर्वाचित भई यस सम्मानित सभा समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरबाम्वित भएको छु। यस सुर्नया गाउँबासीको अगाढ आस्था, माया र प्रेरणाबाट प्रेरित भई मैले सुर्नया गाउँपालिकालाई सांस्कृतिक जीवन्त गाउँपालिकाका रुपमा अगाढी बढाई नेपाल भरिनै यस गाउँपालिकाको गौरवलाई उच्च राख्न केही महत्वपुर्ण नीति तथा कार्यक्रम गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा हर्षानुभुति गरेको छु।

सुर्नया गाउँपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवाद तर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरु समेतलाई मध्यनजर गर्दै गाउँपालिकाबासीको सर्वोपरी हितलाई केन्द्रमा राखी समानता र समतामुलक ढङ्गले तयार पारिएको छ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले सुर्नया गाउँपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ। गाउँपालिकाका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ। गाउँपालिकाको विकास निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघ संस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ।

**सभाध्यक्ष ज्यु,**

**सभाका सदस्यहरु,**

वैतडी जिल्लामा सुर्नया गाउँपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ। पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण एसियाकै लामो पातालभुमेश्वर गुफा धार्मिक क्षेत्र, रौलाकेदार, गोफा केदार,गोवेश्वर, अनिरुद्र, बासुलिङ, लगायत शक्ति पिठहरु, सुर्नया नदि, जडीबुटी, वन पैदावर,कृषि, पशुपालन, नगदेबाली

अम्मर बहादुर कुंवर
गा.पा.अध्यक्ष

CamScanner

लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत सुर्नया बासीको विकास प्रति रहेको चासो सुर्नयाको समग्र विकासको लागि अवसरका रूपमा लिएको छु ।

उल्लेखित सम्भावना तथा अवसरहरूका बावजुत हाम्रा सामु थुप्रै चुनौतिहरू रहेका छन् रुस युक्रेन युद्धका कारण विश्वमा भईरहेको आर्थिक मन्दीको सामना गर्नु परेको छ, कोभिड १९ का कारण भारत लगायत तेस्रो मुलुकबाट रोजगारी गुमाई घर बसेका यूवाहरुलाई उचित रोजगारी दिन सकिएको छैन, कोभिडकै कारणले बिग्रिएको शिक्षाको अवस्था सुधार हुन सकेको छैन, मानव विकास सुचाङ्क सन्तोषजनक देखिदैन, प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ, कृषि, वन वातावरण तथा अन्य पूर्वधार र सशक्तिकरणका कार्यक्रमहरूमा विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रबाट वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातीय भेदभाव, छुवाछुत, महिला हिंसाका घट्नाहरूबाट पार पाउन सकिएको छैन । शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त एवं प्रभावकारी वनाउन सकिएको छैन । दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । गाउँपालिकाको आन्तरिक आयको स्रोत अत्यन्तै न्युन रहेको छ, विकासको प्रतिफल लक्षित समुदाय सम्म पुऱ्याउन नसक्नु थप चुनौतिहरूका रूपमा रहेका छन् । उल्लेखित चुनौतिहरूको बावजुत सबै सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदाय सम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

**सभाध्यक्षज्यु, सभाका सदस्यज्युहरु, उपस्थित सम्पुर्ण महानुभावहरु,**

सुर्नया गाउँपालिका गाउँ सभाको एघारौं अधिवेशनबाट बिभिन्न ५ ओटा विषयगत क्षेत्र पुर्बाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वन तथा वातावरण, विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा नीतिहरु पारित गरेका थियौं उक्त नीतिहरु कुनै बार्षिक रुपले पूरा गरिने र कूनै नीति आवधिक हिसाबले कार्यान्वयन गरिरहेको अवस्थामा हामी छौ, नीतिहरु हाम्रा मार्गदर्शन हुन र यस गाउँसभाको तेह्रौ अधिवेशनले पनि केही नीतिहरुमा गतवर्षकै निरन्तरता र केही नयाँ किसिमका नीति तथा कार्यक्रम समेत ल्याउने प्रयास गरेको छ । सबै नीतिलाई कार्यक्रम र बजेट संग मेल खाने किसीमले लैजानका लागि समेत म यस गौरवमय सभाका सदस्यहरुलाई आग्रह गर्न चाहन्छु ।

हामीले सहभागीतात्मक विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजनाहरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०८०।८१ को नीति, कार्यक्रम र विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजेट नीति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास, उन्नति र प्रगतिकालागि आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

सभाध्यक्षज्यु,

सभाका सदस्य ज्युहरु,

**चालु आ.ब.२०७९।०८० को नीति तथा कार्यक्रमको समीक्षा :**

मिति २०७९ आषाढ १० गतेका दिन आयोजित सुर्नया गाउँपालिका गाउँसभाको एघारौं अधिवेशनले चालु आ.ब.२०७९।०८० को अनूमानित आय ब्यय बिवरण,योजना तथा कार्यक्रमहरु सहित विकासका नीतिहरु पारित गरेको थियो, तत्पश्चात् फागुन ४ गते बाह्रौ समिक्षात्मक अधिवेशन आयोजना भएको थियो। एघारौं अधिवेशन पछिको एक बर्षको समयमा यस गाउँपालिकाले के कति उपलब्धी हासील गर्नसक्यो समीक्षाको चरणमा हामी रहेका छौ यस गाउँपालिकामा रहेका ८ वटा वडाहरुका करिब २५ हजार नागरिकलाई विकास र सुशासन दिनु र विकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो।

गत बिगत आ.ब.हरुमा करिब ९० प्रतिशत भन्दा बढी खर्च पनि भएको थियो। उक्त खर्च बिनियोजन रकमले पक्कै पनि गाउँपालिकाबासीको सुबिधाको लागि यातायात शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पूर्बाधार एबं सामाजिक बिकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, बालबालिका लगायत सबै गाउँपालिकाबासीको लागि सेवा सुबिधामा बृद्धि भएको छ भन्ने हामीले ठानेका छौं। यो बिषयमा गाउँपालिका कति सफल भएको छ सुर्नयाबासीले मूल्यांकन गर्ने छन। क्षेत्रगत आधारमा गरिएको गत आ.ब.२०७९/०८० को समीक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहन्छु।

**क) आर्थिक विकास :**

**पशु सेवा :**

- पालिकाको सम्पुर्ण वडाहरुमा पशु उपचार सेवा सञ्चालन भईरहेको,गाउँपालिका भित्रमा २ हजार किसान घरधुरी सुचिकरण गरिएको, गाउँपालिका भरिमा ६५० के जी जै घासको बिउँ वितरण गरिएको, ५० प्रतिशत साझेदारीमा ५ वटा बाखा गोठ/ खोर सुधार, १ वटा मत्स्य सहयोग कार्यक्रम र २ वटा मिनि ह्याचरी सुधार कार्यक्रम संचालन गरिएको ।

**कृषि :**

- गाउँपालिकामा ८ वटा कृषि पकेट क्षेत्र निर्माण गरेको (३ मकै पकेट, २ तरकारी र ३ रैथाने बाली), सम्पुर्ण वडाहरुमा कृषकहरुलाई उन्नत खालका विउ विजन वितरण गरिएको, १२ जना कृषकहरुलाई सिल्पाउलिन प्लाष्टिक वितरण गरिएको, कृषक समुहसंगको लागत साझेदारीमा १२ वटा समुहहरुलाई हाते ट्याकटर वितरण गरिएको, करिब २४ हजार बर्खे फलफुलका बोटहरु वितरण भएको, किसान सुचिकरण कार्यक्रम संचालन गरिएको, सुआहारा संगको साझेदारीमा अगुवा कृषकहरुलाई अभिमुखिकरण गरिएको आदि ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

## ख) सामाजिक बिकास

**महिला बालबालिका तथा जेष्ठ नागरिक**

ग र घ बर्गका अपाङ्गहरुलाई घरदैलो मै गई अपाङ्ग भत्ता वितरण गरिएको । महिला दिवश, बाल दिवश, लैङ्गिक हिंसा दिवश विभिन्न कार्यक्रम गरी मनाईएको । महिला, बालबालिका र जेष्ठनागरिकका अन्य कार्यक्रमहरु वडाहरुबाट संचालनमा रहेका छन ।

**न्यायिक समिति**

न्यायीक समितिमा दर्ता भएका ५ वटा मूद्धाहरुमध्ये ३ वटा मुद्धा फर्छ्यौट गरिएको र २ वटा मुद्धा माथिल्लो निकायमा पठाईएको, ईजलास व्यवस्थापनको काम भईरहेको, मेलमिलापकर्ता छनोट गर्ने कार्य भईरहेको ।

**शिक्षा विकास**

- कक्षा १ देखी ३ सम्म स्थानीय पाठ्यकम निर्माण गरिएको, पालिकामा रहेको सबै विद्यालयहरुमा IEMIS प्रणालीमा ल्याई शैक्षिक तथ्याङ्हरु व्यवस्थित गरिएको, वडागत रुपमा रहेका ठुला विद्यालयहरुलाई श्रोत बिद्यालयका रुपमा स्थापित गरि अन्य विद्यालयहरुलाई सदस्य विद्यालयका रुपमा सहजीकरण गरि व्यवस्थित बनाईएको, अधिकांश विद्यालयहरुमा इन्टरनेटको प्रयोग गरि कागजको न्युन प्रयोग गर्ने प्रणालीको अभ्यास गरिएको छ ।

**स्वास्थ्य सेवा**

१० सैयाको आधारभुत अस्पतालको निर्माण कार्य सुरु गरिएको, गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्दै आएको, राष्ट्रिय खोप तालिका अनुसार यस बर्ष पनी पुर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम सम्पन्न गरिएको, वडा ५ को धुलिधारमा स्थापना गरिएको बर्थिङ सेन्टर संचालनमा ल्याईएको, प्रजनन् रुणता स्वास्थ्य सेवा अभियानबाट २९३ आमाहरुको पाठेघर खसे नखसेको जाँच गरी प्रतेक संस्थाबाट सेवा प्रदान गरिएको, गाउँपालिकामा बिरामीहरुलाई गाउँपालिकाबाट अन्य अस्पतालमा स्थानान्तरण गर्न २ वटा एम्बुलेन्सको व्यवस्था गरिएको ।

## ग) पुर्वाधार विकास

- गाउँपालिकाको प्रशासकिय भवनको पहिलो तलाको निर्माण कार्य सम्पन्न गरिएको, आकुडी लिफ्ट खानेपानी योजनो,ग्वानी सुनबाटा सिउडे लिफ्ट सिंचाई योजना, जोगेनी हिटनया खटाली लिफ्ट खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेको, नयाँ सकडमा ३ किलोमिटर काम सम्पन्न भएको, मोतीनगर भौनेलीमाण्डौ सडक स्तरोन्नती गरिएको, बर्षाका कारण अबरुद्ध भएका सडक सुधार गरी संचालन गरिएको, ३ वटा विद्यालयमा ४ कोठे भवन र १ विद्यालयमा २ कोठे भवन निर्माणको काम संचालनमा रहेको र दिपु पिचास गोफा केदार पिसिसि बाटो निर्माणको काम सम्पन्न गरिएको । सत्बाज श्रीभावर सडक जोड्ने काम अन्तिम चरणमा रहेको ।

## घ) वन वातावरण तथा विपद व्यवस्थापन

- यस सुर्नया गाउँपालिकाको विपद प्रतिकार्य योजना तयार भईरहेको अवस्थामा छ ।
- स्थलगत अनुगमन गरी विभिन्न किसिमका विपदहरुबाट भएको क्षतिको विवरण संकलन गरिएको ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

## ङ) सुशासन तथा सँस्थागत बिकास

- गाउँपालिकाका बिभिन्न गतिबिधीहरु पालिका वेभ साइटमा अध्यावधिक गर्ने गरेको ।
- गाउँपालिकाको संस्थागत क्षमता स्वमुल्यांकन ( LISA ) मुल्याङ्कन कार्य सम्पन्न गरिएको र अघिल्लो बर्षको तुलनामा मुल्याङ्कन अङ्कमा सुधार भएको ।
- राजश्व संकलन प्रक्रियालाई कम्प्युटर प्रणालीमा आवद्ध गरिएको ।
- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सम्पन्न गर्न सुर्नया गाउँपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि २०७९ राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याईएको । संस्था दर्ता तथा नविकरण कार्यविधी २०७९, न्यायीक मेलमिलापकर्ता गठन, संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७९ र एंमबुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि २०७९, राजपत्रमा प्रकाशित गरी लागु गरिएको ।

**गाउँसभाका सदस्यज्युहरु,**

गाउँपालिकालाई सभ्य, आर्कषक, भ्रष्टाचार अनियमिता र ढिलासुस्ती रहित सुविधा सम्पन्न बनाउन यस सभामा उपस्थित जनप्रतिनिधी लगायत राजनैतिक दल, उपभोक्ता समिति, नागरिक समाज, पत्रकार, महिला, दलित, अपाङ्ग, जनजाति बुद्धिजिबी, शिक्षक, समाजसेवी, कर्मचारी, गाउँपालिकाबासी सबैको कर्तव्य हो । बिगतका राम्रा-नराम्रा कुराको संमीक्षा गदै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनी केही लक्ष्यित कार्यकम, नीति तथा कार्यक्रम तर्जुमा गर्दै अगाडी बढ्नुपर्ने आवश्यकताका कारण सभाले केही लक्ष्यित कार्यकम तथा नीतिहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

## खण्ड दुई :

## आर्थिक बर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट

१.१. दिर्घकालीन सोच :

"कृषि पर्यटन र पूर्वाधार"
"सुर्नया विकासको मूल आधार"

आगामी आ.ब. २०८०/०८१ को नारा

"समृद्धि र सुशासन सुर्नयाको आवश्यकता"
"समावेशी र दिगो विकास हाम्रो प्रतिबद्धता"

१.२. लक्ष्य : प्राकृतिक साधन स्रोतको प्रभावकारी रुपमा उपयोग गरी समावेशी र दिगो बिकासका माध्यमबाट आर्थिक रुपले आत्मनिर्भर र समुन्नत बनाउनका लागि पुर्वाधार, पर्यटन, शिक्षा एवम् कृषिमा जोड दिई रोजगारीको सिर्जना गरी सुशासन प्रबर्द्धन मार्फत सम्बृद्ध गाउँपालिका र खुशी गाउँबासी बनाईने छ ।

२.१.३. उद्देश्य :

- सुशासनलाई संस्थागत गर्दै गाउँपालिकाले प्रवाह गर्ने सेवामा नागरिकको पहुँच अभिबृद्धि गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाइनेछ ।
- गुणस्तरिय शिक्षा र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराई पूर्ण साक्षर, स्वस्थ र सभ्य गाउँपालिकाको विकास गरिनेछ ।
- समावेशी र दिगो विकासका माध्यमबाट गुणस्तरिय, दिगो भौतिक पूर्वाधारको बिकास गरिनेछ ।
- वालमैत्री, महिला मैत्री, अपाङ्गमैत्री र समावेशी गाउँपालिकाको विकास गरिनेछ ।
- पुर्णसरसफाईयुक्त र वातावरणमैत्री गाउँपालिका निर्माण गरिनेछ ।
- आधुनिक कृषि प्रणालीमा लगानी गरी रोजगारी सृजना गरिनेछ ।

१.४. अपेक्षित उपलब्धी : गाउँपालिकाका मुख्य बजार क्षेत्रहरु आकर्षक र सुबिधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरुमा बिजुली, खानेपानी र सडक सुविधा पुग्नेछ । बिद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयमा जानेछन्, धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण भई आन्तरिक पर्यटनको विकास हुनेछ । कृषि प्रणालीमा सुधार भई रोजगारीका सम्भावनाहरु बढ्दै गरिबी घट्नेछ । गाउँपालिका र वडाहरु बाट प्रदान गरिने सेवाहरु पारदर्शी, चुस्त र दुरुस्त भई सुशासन प्रवर्द्धन मार्फत समृद्ध गाउँपालिका हुनेछ ।

### २.२ बजेट तर्जुमा गर्दा अवलम्वन गरिएका आधारहरु:

वार्षिक योजना कार्यक्रम तथा वजेट तजुर्मा गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्नानुसार छन ।

अम्मर बहादुर कुंवर
गा.पा.अध्यक्ष

✓ नेपालको संविधान २०७२ को अनुसूचि ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचिकृत एकल तथा साझा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।

✓ स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा नीति आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ।

✓ संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु ।

✓ राजश्व परामर्श समिति,श्रोत अनुमान तथा वजेट सिमा निर्धारणसमिति,वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त राय सुझावहरु ।

✓ नेपाल सरकार एवं प्रादेशिक सरकारवाट प्राप्त वजेट सिलिङ्ग र वजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।

✓ वडा ,वस्ती स्तरिय योजना सङ्कलन तथा सुझावहरु ।

✓ विषयगत कार्यालय/ निकायवाट प्राप्त राय सुझावहरु ।

✓ विगत बर्षहरुमा सम्पन्न भएका गाउँसभा अधिवेशनका बैठकहरुबाट भएका निर्णयहरु ।

✓ पन्धौ आवधिक योजना (२०७६।०७७ - २०८०।०८१) ले निर्धारण गरेको लक्ष्य तथा प्राथमिकताहरु ।

✓ विभिन्न राजनितिक दल लगायत बुद्धिजिवी, विज्ञ, नागरिक अगुवाहरुसँगको परामर्शवाट प्राप्त राय सुझावहरु ।

✓ संयुक्त राष्ट्रसंघले निर्धारण गरेका दिगो विकासका लक्ष्यहरु

## क्षेत्रगत नीति :

**सभाध्यक्ष ज्यु, सभाका सदस्य ज्युहरु,**

गाउँपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तिको रूपमा ग्रहण गर्दै संवैधानिक व्यवस्था अनुरुप सामाजिक सद्भाव, राष्ट्रिय एकता, सांस्कृतिक र धार्मिक सहिष्णुता एवं उदार मुल्यहरुको अभिवृद्धी गरिनुका अतिरिक्त वैज्ञानिक, मानवतावादी र आधुनिक चिन्तनलाई प्रश्रय दिदै प्राकृतिक श्रोत माथि स्थानीय जनताको अक्ष्युण अधिकारको पूर्ण रक्षागरी प्राकृतिक श्रोतमा स्थानीय समुदायको पहुँचको संवैधानिक प्रावधान कार्यान्वयनमा जोड दिईनेछ । यसैको जगमा टेकेर समृद्ध सुर्नया गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म यस गाउँपालिकाको आगामी वर्षको वार्षिक योजना तथा बजेटका मुख्य-मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## क) आर्थिक बिकास सम्बन्धी नीति :

### अ) कृषि :

- प्राङ्गारिक मलको उत्पादन लाई बढावा दिदै , कृषियन्त्र, कृषिजन्य सामाग्रीहरु र तरकारी तथा खाद्यान्न बालीका उन्नत बीउबिजन कृषकहरुलाई अनुदानमा वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- उच्च मुल्यका बालीहरुको प्राविधिक सम्भाव्यताको आधारमा प्रत्येक वडामा साना व्यवसायिक कृषिउत्पादन केन्द्र (पकेट क्षेत्र) स्थापना गरी कृषकहरुलाई आधुनिक तथा व्यवसायिक खेती तर्फ उत्प्रेरित गर्दै समुहिक खेती को माध्यमबाट युवाहरुलाई कृषिसंग जोडिनेछ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

- कृषियोग्य भुमिको पूर्ण उपयोग सुनिश्चित गर्न गाउँपालिकाभित्र रहेका कुनै पनि कृषि योग्य जमिन बाँझो राख्न दिईनेछैन । बाँझो जमिनमा खेती गर्न चाहने जो कोही कृषकहरुलाई **असल कृषि अभ्यास** कार्यक्रम संचालन गरी अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाभित्र सुर्नया नदीको आसपासका खेतीयोग्य उर्वर जमिनमा पर्याप्तता सिंचाई सुविधा सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य निकायहरुसंगको सहकार्य तथा लागत साझेदारीमा लिफ्ट सिंचाई कार्यक्रम संचालन गरीनेछ ।
- फलफुल विकास कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालनमा ल्याई अनिवार्य रुपमा एक घर ५० फलफुल बिरुवा रोपण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका सिड बैंकको स्तरोन्नती गरी कृषकहरुलाई धान,मकै र गहुँको गुणस्तरिय उन्नत बीउ उत्पादन गर्न विशेष जोड दिईनेछ ।
- कृषि तथा पशुपन्छी बीमा र खेतीयोग्य जमिनको माटो परिक्षण कार्य संचालनमा ल्याईनेछ ।
- नमुना कृषि फर्म स्थापना कार्यक्रम सञ्चालन गरिनेछ र गाउँपालिकामा उत्कृष्ट कृषि व्यवसाय गर्ने कृषकलाई पुरस्कृत गरिनेछ ।
- कृषि उपजहरुलाई सहजरुपमा बजार सम्म पुर्याउनका लागि कृषि उत्पादन क्षेत्रहरुसम्म जोडने सडक तथा अन्य पुर्वाधारहरुको विस्तार गरिने।
- एक वडा एक कृषि सहकारीका लागी पहल गरिनुका साथै गाउँपालिकामा थप कृषि शित भण्डार (कोल्ड स्टोर) निर्माणका लागी आवश्यक पहल गरिनेछ ।
- कृषि हाट बजार निर्माणका लागी आवश्यक व्यवस्था मिलाइनेछ ।
- फलफुल विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालनमा ल्याई प्रत्येक वडामा सुन्तला केरा कागती तथा अन्य अमिला जातका फलफुलका नमुना बगैंचाहरु स्थापना गरिनेछ ।
- आयातित तरकारीको विस्थापन गरी स्थानीय अर्गानिक तरकारीमा गाँउबासीलाई आत्मनिर्भर बनाउन ***एक घर एक करेसा बारी*** अवधारणालाई यसै वर्षबाट थालनी गरी प्रत्येक घरलाई माग अनुसार अनुदानमा तरकारीको विउविजन उपलब्ध गराइनेछ ।
- कृषकहरुलाई आधुनिक कृषिमा आबद्ध गरी स्वावलम्बी बनाउन गाउँपालिकामा कृषि पाठशाला संचालन गरिनेछ ।

अम्मर बहादुर कुंवर
गा.पा.अध्यक्ष

## आ) पशु बिकास :

- वैदेशिक रोजगारीलाई कम गर्नुका साथै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न कृषि, पशुपालन र उद्योग व्यावसायहरुको स्थापना गरि व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कोभिड-१९ को संक्रमणको प्रभावबाट स्वदेश तथा विदेशबाट रोजगारी गुमाएका नागरिकहरुलाई लक्षित गरि कृषि तथा पशुपन्छी विकास कार्यक्रम मार्फत स्वरोजगारमा जोड दिईनेछ ।
- स्थानीय व्यक्तिहरुलाइ प्राविधिक सिप दिई (JTA), ती प्राविधिकहरु कृषकको गोठ तथा फर्ममा पुगी पशुपन्छी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।
- मेडिकल उपचार, गाइनोक्लोजिकल उपचार र माईनर सर्जिकल उपचार बर्ष भरी संचालन गरिनेछ छ ।
- कृषि समुह/समिति तथा कृषि सहकारी मार्फत कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ ।
- पशुपन्छीमा हुने विभिन्न किसिमको जोखिम न्यूनिकरण गर्न पशुपन्छी विमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रम संचालन गरिने छ । पशुपन्छी विकास शाखा बाट संचालन हुने अनुदानका कार्यक्रममा विमा अनिवार्य गरिने नीति लिईने छ ।
- व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिने छ ।
- साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई घाँस, गोठ, खोर निर्माणमा विशेष सहुलियत दिने व्यवस्था मिलाईनेछ ।
- आधारभुत भेटेनरी प्रोगशाला कार्यक्रम संचालन गरिनेछ ।
- सुर्नया नदीमा माछाका भुरा राख्नुका साथै माछापालन व्यवसायलाई व्यवस्थित रुपमा संचालन गर्नका लागी आवश्यक पहल गरिनेछ ।

## इ) सहकारी

- रोजगारी र उत्पादन बृद्धिका लागि **एक सहकारी एक बस्तु उत्पादन** कार्यलाई प्रोत्साहन दिईनेछ ।
- उत्पादन तथा रोजगारी सिर्जना गर्ने सहकारीहरुलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका स्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- सहकारीको माध्यमवाट स्थानीय स्रोत साधन,श्रम, सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिनेछ ।
- गाउँपालिकाक्षेत्र भित्रका सहकारी संस्थाहरुको लगंत अद्यावधिक गर्ने, क्षमता बिकास गर्ने, साझेदारीमा गरिबी न्युनीकरणका कार्यक्रम सञ्चालन गर्ने, प्रतिवेदन प्रणाली व्यवस्थित गर्ने लगायत सँस्थाहरुको

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

अनुगमन सुपरीवेक्षण गर्ने कार्य गरिनेछ र सोका लागि आवश्यक कार्यक्रम एवम् बजेट व्यवस्था गरिनेछ ।

- आन्तरिक श्रोत पहिचानको लागि गाउँपालिकाका सम्भावित खनिज खानीहरुको अध्ययन गरी उत्खननका लागि पहल गरिनेछ ।
- सहकारी संचालनको लागि आवश्यक कानूनहरुको निर्माण कार्य गर्दै, संस्थाहरुको नियमन र व्यवस्थापन गर्नका साथै बैंक तथा सहकारीहरु संगको सहकार्यमा साना किसान सहकारी संघसंस्थाहरु सँग व्यवसायिक किसानहको वित्तीय सेवा प्रवाहमा पहँच बढाउन प्रयास गरिनेछ
- संवैधानिक व्यवस्था अनुसार स्थानीय स्वरोजगार बृद्धि र गाउँपालिकाको आर्थिक विकासलाई अगाडी बढाउन सरकारी,सहकारी र निजी गरी तिन खम्बे अर्थ नीति कार्यान्वयन गर्दै समृद्ध सुर्नया गाउँपालिका निर्माणका लागि लगानी मैत्री गाउँपालिका बनाउन पहल गरिनेछ ।
- स्थानीय उद्यमशिलता, शिप विकास र स्थानीय श्रोत साधनको उपयोगको माध्यमबाट स्थानीयहरुको अभिवृद्धि गरि स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाको दर्ता र नियमन गरिनेछ ।

### ई) पर्यटन

- सुर्नया गाउँपालिकाभित्र पर्ने ऐतिहासिक, सांस्कृतिक,धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिसोर्ट खोल्न नीजी-सार्वजनिक साझेदारीमा पर्यटकिय स्थलहरूको प्राकृतिक सौन्दर्यतामा खलल् पुर्‍याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीति लिइनेछ ।
- धार्मिक तथा पर्यटकिय क्षेत्रको उजागर गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- रौलाकेदार र पातालभुमेश्वर र गोफाकेदार क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनुका साथै राष्ट्रियस्तरको पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गरिनेछ ।
- गाउँपालिका भित्रको कुनै १ क्षेत्रलाई पिकनिक क्षेत्र निर्माण गरिनेछ ।
- पातालभूमेश्वर देखी रौलाकेदार सम्म केवलकार जडान गर्नका लागी सम्भाव्यता अध्ययन गरी बजेटका लागी प्रदेश र संघीय सरकार संग आवश्यक पहल गरिनेछ ।

### उ) श्रम तथा रोजगार

- कोभिड १९ को कारणले हाल भारत लगायत अन्य देशबाट गाउँपालिका क्षेत्रमा प्रवेश गरेका युवाहरुको तथ्यांक लिई उनीहरुको सीपको आधारमा गाउँपालिका तथा वडा स्तरीय आयोजनाहरुमा श्रम सहभागिता गराई रोजगारी सिर्जना गरी उनीहरुलाई क्षमताको आधारमा काममा समाबेश गराई रोजगारतर्फ आकर्षित गरिने छ ।
- बेरोजगार युवाको वडा स्तरिय बेरोजगार बैंक बनाई रोजगार सम्बन्धी सुचनाको पहुँच पुर्‍याउने र लोक सेवा लगायत अन्य व्यवसायीक सेवा प्रवेशका लागी तालिम तयारी कक्षा सञ्चालन गरिनेछ साथै गाउँपालिका भित्रका युवायुवतिको सिप विकास गरी क्षमतावान एवं सक्षम बनाईनेछ ।
- रोजगार सेवा केन्द्रलाई थप बिकसित गर्दै यस गाउँपालिकामा रहेका श्रमिकहरुको सीप उपयोग हुने गरी उनीहरुको व्यक्तिगत विवरण रहेको श्रम सूचना बैंक स्थापना गरी रोजगारदाता र रोजगारीको खोजीमा रहेका बीच सम्पर्क स्थापित गरी यस क्षेत्रमा हुने विकास निर्माणका कार्यहरुमा सम्भव भए सम्म

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

गाउँपालिका क्षेत्रकै श्रमिकहरु प्रयोग गर्नका लागि निजी क्षेत्रसँग पनि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक नीति बनाई कमजोर आर्थिक अवस्था भएका दलित, महिला र युवालाई प्राथमिकता दिई बजेटको सदुपयोग गरिनेछ । र विकास कार्यलाई दिगो बनाउन गाउँपालिकाबाट निर्माण सामाग्रीका लागी आवश्यक बजेट विनियोजन गरिनुका साथै गाउँपालिका र कार्यक्रम बिच तादाम्यता गरिनेछ ।
- गाउँपालिका भित्रमा सिप सिकेका श्रमिकहरुलाई सिप परिक्षण गरी सिप सिकेको प्रमाणपत्र उपलब्ध गराई उनिहरुको सिपलाई पालिकाको विकास निर्माणको काम उपयोग गरिनेछ ।

ङ) उद्योग/वाणिज्य

- लघु उद्यम विकास कार्यक्रम लाई निरन्तरता दिई महिलालाई उद्यमशिलता विकास तथा स्थानीय स्तरको स्रोत साधनको सदुपोग गरी व्यवसायिक उत्पादन वृद्धिमा जोड दिईनेछ ।
- सिपमूलक तालिम जस्तै : ईलेक्ट्रिसियन, प्लम्बर,ढ़ॅान्टिङ, पेन्टिङ, ब्युटिसियन, डेरी प्रोडक्ट, सिकर्मी, डकर्मी, ग्यारेज, हेयर कटिङ, स्यानिटरी प्याड, मसला उद्योग, अल्लो प्रशोधन र कृषि उत्पादन सम्बन्धी ज्ञानका गुनस्तरिय तालिम प्रदान गरिनेछ ।
- गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाका लागी आवश्यक पहल गरिनेछ ।
- यस गाउपालिकामा उच्च मुल्यवृद्धिलाइ मध्यनजर गरी कृषि सहकारीको माध्यमबाट सुपथ मुल्य पसल संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछन ।
- यस गाउँपालिकाका ८ वटै वडामा संचालनमा रहेका परम्परागत उद्यम हरुको स्तरोन्नती गरिनेछ ।
- उद्योग क्षेत्रको आवश्यक जनशक्तिको विकास मार्फत स्थानीय स्तरमै रोजगारी सिर्जना गरी गाउँपालिकालाई समृद्ध बनाईनेछ ।

**ख) सामाजीक विकास नीति :**

**अ) शिक्षा**

- हाल गाउँपालिका क्षेत्र भित्र सञ्चालन भईरहका विद्यालय तथा अन्य शैक्षिक संस्थाको स्तर वृद्धि गर्न ***शैक्षिक सुधार कार्यक्रम*** अगाडी बढाइनेछ ।
- विद्यालयको लेखाङ्कन प्रणालीलाई व्यवस्थित, प्रभावकारी र उपयोगी बनाउन कम्तिमा मा वि तहका प्र.अ. र लेखापाल हरुलाई विद्यालय लेखाङ्कन (SAS) सम्बन्धी तालिमको व्यावस्था मिलाईनेछ ।
- बाल विकास तथा विद्यालय समायोजन कार्यलाइ प्रभावकारी रुपमा अगाडी बढाइनेछ । समायोजन गरिएका विद्यालय तथा बाल विकासका लागि अनुदानको व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर उकास्न कुनै एउटा विद्यालयलाई आवासिय विद्यालयका रुपमा रुपान्तरित गरी ***गाउँपालिका आवासीय विद्यालय कार्यक्रम*** सञ्चालनका लागी पहल गरिनेछ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

- गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन कार्य लाइ निरन्तरता दिइनेछ । र विद्यालय अनुपातका आधारमा शिक्षक दरबन्दी अति न्युन रहेको विद्यालयलाई गाउँपालिकाबाट कम्तिमा शिक्षक व्यवस्थापन गरिनेछ ।
- विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्यले सघन रुपमा भर्ना अभियान चलाइनेछ र विद्यालय भर्ना भै सकेका बालबालिकालाई पुरै समय विद्यालयमा टिकाउन "अभिभावक सचेतना कार्यक्रम" लाइ निरन्तरता दिइनेछ ।
- गाउँपालिका भरी विद्यार्थीहरुको पोशाकमा एकरुपता ल्याइनेछ ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षण नियमित, व्यवस्थित र प्रभावकारी बनाइनेछ । र अनुगमनका आधारमा विद्यालयलाई विद्यालयको आवश्यकता पहिचान गरी ***शैक्षिक सुधार कार्यक्रम*** का लागि सिफारिस गरिनेछ ।
- सुर्नया गाउँपालिकालाई ***शैक्षिक हबका रुपमा विकास गर्न*** उत्कृष्ट सिकाई वातावरण भएको विद्यालय, उत्कृष्ट अनुशासित विद्यालय, उत्कृष्ट सरसफाई युक्त विद्यालय,उत्कृष्ट व्यवस्थापन भएको विद्यालय, उत्कृष्ट अभिभावक सहभागिता भएको विद्यालय, उत्कृष्ट समुह कार्य भएको विद्यालय, उत्कृष्ट अतिरिक्त क्रियाकलाप संचालन गर्ने विद्यालय कार्यक्रमहरु संचालन गरी प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा प्रत्येक महिनाको अन्तिम कार्य दिनमा अनिवार्य बैठक वसी सो महिनाको अवस्था विश्लेषण र आउने महिनाको योजनाको विषयमा छलफल गरी सो को अभिलेखीकरण गर्नुपर्ने नीति लिईनेछ ।
- गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमध्ये आ.व. २०८०।०८१ भित्र कुनै १ विद्यालयलाई ***नमुना विद्यालय घोषणा*** गरिनेछ र अन्तर पालिका विद्यालय भ्रमण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाको कक्षा १-३ को स्थानीय पाठ्यक्रमलाई निरन्तरता दिइनेछ र कक्षा ४-८ का लागी निर्माण गरिनेछ ।
- शिक्षामा देखिएका नविन विधि, प्रविधी र नवप्रवर्द्धन राष्ट्रिय अन्तराष्ट्रिय प्रयासको बारेमा बृहत शैक्षिक कार्यशाला गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा बाल क्लबहरुलाई सक्रिय बनाउन अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । आफ्नो कर्तव्यप्रति लगनशील र निष्ठावान पदाधिकारीहरुलाई प्रोत्साहन प्रदान गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिबृद्धि गर्न प्र.अ., शिक्षक, विद्यालयका कर्मचारी र बालबिकास सहजकर्ताहरुका बैठक, तालिम, कार्यशाला र अभिमुखीकरण कार्यक्रममा बढावा दिईनेछ । गाउँपालिकास्तरीय विषयगत प्रतिष्पर्धा सिर्जनाका लागि विषयगत समुहहरु निमार्ण गरी अनुभव आदानप्रदान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षण पेशाप्रति इमान्दार, कर्तव्यनिष्ट, लगनशील र उत्तरदायि भई कार्य सम्पादन गर्ने तहगत रुपमा ( कक्षा १-३ , १-५ , १-८ र १- १२) बाट प्र अ, शिक्षक, विद्यालय कर्मचारी र बालविकास सहजकर्ता छनोट गरी प्रत्येक वर्ष ***नगद पुरस्कार र प्रमाणपत्र सहित उत्कृष्ट सुर्नया गाउँ शिक्षक कार्यक्रम*** संचालन गरिनेछ ।
- आधारभुत तह कक्षा ८ उत्तिर्ण परिक्षालाई मार्यादित र व्यवस्थित बनाउन पालिका स्तरीय बनाईनेछ र उंक्त परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने सामुदायिक तथा संस्थागत विद्यालयका छात्रछात्रालाई सम्मानित गरिनेछ ।

अम्मर बहादुर कुवंर
गा.पा. अध्यक्ष

- बालबालिकाको सर्वाङ्गिण विकासकालागी अतिरिक्त क्रियाकलाप मार्फत बालबालिको प्रतिभा पहिचान र विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालयमा शिक्षण सिकाई क्रियाकलापलाई बालबालिका केन्द्रित गरि प्रभावकारी नतिजा मुखी बनाउन प्रा वि तहमा कार्यरत शिक्षकहरुको लागी पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका शैक्षिक क्रियाकलापलाई व्यवस्थित बनाउन वार्षिक शैक्षिक योजना निर्माण र वार्षिक शैक्षिक क्यालेण्डर, शैक्षिक बुलेटिन र शिक्षा पार्श्वचित्र निर्माण कार्य गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक सिकाई केन्द्रहरुलाई प्रभावकारी र व्यवस्थित बनाउन तथा बजेटको व्यवस्था गरी समाज रुपान्तरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ । र साक्षर गाउँपालिका घोषणाका लागी आवश्यक पहल गरिनेछ ।
- विद्यालयमा शिक्षक डायरीको अनिवार्य व्यवस्था गरिनेछ । र सबै विद्यालय शिक्षक तथा कर्मचारीहरुको परिचयपत्रको व्यवस्था गाउँपालिकाबाट गरी विद्यालयमा परिचयपत्र अनिवार्य गरिनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुका राम्रा प्रयासहरुको डकुमेन्ट्री तयार गरि प्रचार प्रसार गरिनेछ । विद्यालयस्तरिय र अन्तर विद्यालयस्तरिय अतिरिक्त क्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरिनेछ ।
- सुर्नया गाउँपालिकाको शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका शिक्षाप्रेमी, समाजसेवी व्यक्तित्वहरु मध्येबाट प्रत्येक वर्ष ***सुर्नया शैक्षिक व्यक्तित्व सम्मान कार्यक्रम*** संचालन गरिनेछ ।
- शिक्षा सम्बन्धी शिक्षकका माग र समस्या सम्बोधनका लागी छुट्टै कार्यदल बनाई समस्याको समाधान गर्ने र गाउँभित्रका शिक्षकहरुको कार्यविधी बनाई निश्चित अवधी पछि अनिवार्य सरुवाको प्रावधान लागू गरिनेछ ।
- प्रत्येक विद्यालयमा ईन्टरनेटको पहुँच विस्तार गरी डिजिटल माध्यमबाट पठनपाठन गर्न पहल गरिनेछ ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार बक्सको व्यवस्था गरिनेछ ।
- बालविकास कक्षाहरुलाई शैक्षिक सामाग्रीहरुले भरिपुर्ण बनाई बालविकास केन्द्रहरुलाई बाल स्याहार केन्द्रमा परिणत गरि शैक्षिक गुणस्तरको आधार निर्माण गरिनुका साथै समय समयमा अनुगमन गरी सो को आधारमा पुरस्कार र सजायको व्यवस्था अबलम्बन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको भौतिक संरचना निर्माण गरिनुका साथै पुराना संरचनाहरुको अध्ययन गरि प्रवलिकरण गरिनेछ ।
- आर्थिक अवस्था कमजोर भएका उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ ।
- गाउँपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुलाई स्वास्थ्य जाच, स्वास्थ्य शिक्षा, सरसफाई, आईरन चक्की, फोलिक एसिड, जुकाको औषधी नियमित र प्रभावकारी बनाउन ***विद्यालय नर्स*** कार्यक्रमलाई अगाडी बढाईनेछ ।
- विद्यालय सुधार योजना निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ । साथै माध्यमिक विद्यालयहरुमा उर्त्तिण परिक्षालाई मध्यनजर गरी आवश्यकता अनुसार ***थप कक्षाको*** व्यवस्था गरिनेछ ।
- IEMIS प्रणलीलाई थप व्यवस्थित गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

- गाउँपालिका भित्रै उच्च शिक्षा अध्ययनका लागी स्नातक तहको कक्षा संचालनका लागी आवश्यक पहल गरिनेछ

आ) युवा तथा खेलकूद नीति

- गाउँपालिका भरिका युवा खेलाडीहरुको क्षमता पहिचान गरी खेलकुद क्षेत्रमा अग्रसर हुन तालिम तथा अन्य अवसरहरु प्रदान गरिनेछ।
- ***राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद*** भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै पालिका स्तरिय खेलकुद मैदान निर्माण गरिनेछ।
- राष्ट्रपती रनिङ् सिल्ड र अध्यक्ष उपाध्यक्ष कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गर्न गाउँपालिकास्तरिय खेलकुद समिती गठन गरी खेलकुदका विधाहरुलाई समयमै व्यवस्थित तरिकाले सम्पन्न गरिनेछ।
- पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइनेछ।
- ***योग गरौ स्वस्थ बनौ*** भन्ने नारालाई साकार पार्न पालिकाका सबै विद्यालयमा योग प्रशिक्षक निर्माण गरिनुका साथै यसै वर्ष निर्माण गरिने कक्षा ४ देखी ८ सम्मको स्थानीय तहले निर्माण गर्नुपर्ने पाठ्यक्रममा समेत योग सम्वन्धि विषयवस्तुमा समावेश गरिनेछ।
- युवा क्लब मार्फत पालिकामा क्रिकेट वा भलिबल पालिका स्तरिय टुर्नामेन्ट संचालन गर्न आवश्यक रकम छुट्याई सञ्चालन गरिनेछ।

इ) स्वास्थ्य

- कोभिड १९ पुष्टि भएका व्यक्तिहरुको निःशुल्क औषधी उपचारको व्यवस्थालाई निरन्तरता दिईने छ साथै कोभिड १९ बाट ज्यान गुमाएका परिवारलाई राहतको व्यवस्था मिलाउने नीति लिईएको छ।
- संविधानमा मौलिक हकका रुपमा रहेको गुणस्तरिय स्वास्थ्य सेवा सबै नागरिकको सहज पहुचमा पुग्नेगरी प्रभावकारी रुपमा उपलव्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलव्ध गराईनेछ र गुणस्तरिय तथा स्वास्थ्य बर्द्धक खाद्य पदार्थको प्रवर्द्धन र प्रयोग मार्फत कुपोषणलाई न्यूनिकरण गर्दै लैजाने र कुपोषण उपचार केन्द्रको सुदृढिकरण गर्दै यस गाउँपालिकालाई पोषणयुक्त गाउँपालिका बनाउने कार्य अगाडी बढाउन ***म स्वस्थ मेरो गाउँपालिका स्वस्थ*** भन्ने अवधारणा कार्यान्वयन गर्दै लगिनेछ।
- गाउँपालिकाक्षेत्र भित्र जेष्ठ नागरिक एवं प्रत्येक वडावासीको पहुँच पुग्ने गरी विशेषज्ञ सेवा सहितको घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ र मधुमेह,उच्च रक्तचाप,मृगौला,क्यान्सर,मुटु रोग,आङखस्ने समस्या जस्ता रोगहरुको निशुल्क स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवामा गुणस्तरियता कायम गर्न प्राविधिक जनशक्तिको क्षमता विकासका साथै स्वास्थ्य संस्थाहरुको स्तरोन्नतिका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने तथा स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरिय बनाईनेछ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

- गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहेको १० शैयाको आधारभुत अस्पताल निर्माणको कार्य छिटो सम्पन्न गरी शल्यक्रिया सहितको प्रसुती र पाठेघर सम्बन्धी उपचार, नसा तथा हाडजोर्नी सम्बन्धी सेवा र जनरल फिजिसियन सेवा संचालनमा ल्याईनेछ र अन्य सेवाहरु क्रमश थप्दै लगिनेछ ।
- गाउँपालिकाका सामुदायिक स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा स्थापना भएका बर्थिङ्ग सेन्टरहरुको स्तरोन्नती गरि पूर्ण सँस्थागत सुत्केरी हुने गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।
- प्रत्येक बालबालिकाहरुले पूर्ण खोप पाउनु उनीहरुको **नैसर्गिक अधिकार** हो भन्दै जन्मेदेखि २३ महिनासम्मका बालवालिकाहरुलाई राष्ट्रिय तालिका अनुसार पूर्ण रुपमा गुणस्तरिय खोप सेवा संचालन गर्न खोपकेन्द्रहरुको भौतिक अवस्था क्रमिक रुपमा सुधार गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रमा हुन सक्ने दैवी प्रकोप तथा महामारीको समयमै व्यवस्थापन गर्नका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरि सोको व्यवस्थापन गरिनेछ ।
- महिला स्वास्थ्य स्वमसेविकाहरुको मनोवल उच्च हुने खालका प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सुनौलो हजार दिनका बालबालिकाको, सुत्केरी तथा गर्भबतीलाई लक्षित गरी स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- यस पालिकाभित्र स्वास्थ्य क्षेत्रमा भए गरेका कार्यहरुको चुस्त दुरुस्त अभिलेख राखि माथिल्लो निकायमा प्रतिवेदन पठाउने प्रणालीको विकास गर्न प्रत्येक स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई क्षमता विकास गराई सो कार्यका लागी आवश्यक पर्न जाने सामग्रीको उपलब्धता गरी सेवा सञ्चालन गरिनेछ ।
- पालिका क्षेत्रमा **स्वास्थ्य विमा कार्यक्रमलाई** प्रभावकारी रुपमा आम जनतासम्म पुऱ्याई उक्त कार्यक्रमवाट अधिक लाभ लिनका लागि पहल गरिनेछ ।
- **"स्वस्थ शरिर स्वस्थ दिमाग"** भन्ने नारालाई ध्यानमा राखी १८ वर्ष मुनिका वालवालिकालाई धुम्रपान,मद्यपान तथा लागुपदार्थवाट टाढा राख्न प्रेरणादायी शैक्षिक कार्यक्रम संञ्चालन गरिनेछ ।
- अनियन्त्रित रुपमा विक्री वितरण भईरहेको मदिरालाई नियन्त्रण गरी निश्चित ठाउँमा मात्र विक्री वितरण केन्द्र तोकी व्यवस्थित गरिनेछ ।
- ६० वर्ष माथीका दिर्घ रोगीहरुलाई निशुल्क औषधी प्रदान गर्न यो बर्ष तथ्याङ्क संकलन गरिनेछ र जेष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य परीक्षणका साथै औषधी उपचार गर्न ***घर घरमा अध्यक्ष*** कार्यकम संचालन गरिनेछ ।
- टोल टोलमा स्टेचरको व्यवस्था गरिनुका साथै आकस्मिक दुर्घटना, सडक दुर्घटना र प्रसुती महिलालाई गाउँपालिकाको एम्बुलेन्सले नजिकको अस्पतालसम्म पुर्‍याउन व्यवस्था गरिएको निशुल्क एम्बुलेन्स सेवा लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्र मुहान भएको खानेपानीको गुणस्तर मापन मार्फत गुणस्तरयुक्त पानीमा जोड दिईनेछ ।
- पशुपञ्छी बाट मानिसमा सर्ने तथा किटजन्य सरुवा रोगको नियन्त्रणका लागी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CS CamScanner

- गाउँघर क्लिनिक र खोपकेन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक भौतिक पुर्वाधारहरुको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट गर्भवती तथा सुत्केरी महिलाहरुलाई आकस्मिक रुपमा प्रेषण गर्न पालिका स्तरिय आकस्मिक प्रेषण कोष स्थापना गरी संचालनमा ल्याईनेछ ।
- आरोग्य केन्द्रको उचित व्यवस्थापन गर्दै आयुर्वेद उपचार पद्धतीलाई बढावा दिईनेछ ।

### ई) खानेपानी तथा सरसफाई

- खानेपानीको समस्या रहेका टोल बस्तीहरुमा समस्या समाधान गर्न पहल गरिनेछ ।
- **स्वच्छ पानी स्वस्थ्य जिन्दगानी** को अबधारणालाई संस्थागत गर्नका लागी गाउँपालिकाका सबै क्षेत्रमा स्वस्थ्य स्वच्छ पानीको व्यवस्थापन र पानी खानेपानी सरसफाईको क्षेत्रमा कार्य गर्ने दातृ संस्था एवम् गैर सरकारी संस्थासंग समन्वय बढाई गाउँपालिकाबाट पनि उक्त कार्यको शुरुवात गरिनेछ ।
- खानेपानी मुहानको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- **"चिटिक्क घर आँगन चिटिक्क गाउँपालिका"** अवधारणालाई प्रोत्साहन गर्न जुठ्यान, फुल रोप्ने, गोठ सुधारका कार्यक्रमहरु लागु गर्दै कम्तिमा १ वडालाई नमुना वडाको रुपमा अगाडी बढाईनेछ ।
- **एक घर एक शौचालयको अवधारणालाई** कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाई गर्नुपर्ने अवधारणाका साथ व्यवहार परिवर्तनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### उ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति :

**महिला ,बालबालिका तथा जेष्ठ नागरिक**

- गाउँपालिकास्तर ,वडास्तर तथा समुदाय स्तरमा गठन गरिने विभिन्न संजाल,समुह तथा समितिहरुमा महिला ,दलित,अपाङ्गता भएका व्यक्तिहरु, यौनिक अल्पसंख्यक,सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको समानुपातिक र समावेशी सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) नीति लागु गरी सो को लेखाजोखा गरी त्यसबाट देखाएका समस्याहरुको समाधानको लागि लैससास मुलप्रवाहिकरण योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- लैससासको अवधारणामा समानता ल्याउन मानवीय संसाधनको व्यवस्था गरिनेछ ।
- लैङ्गिक हिंसा, मानव वेचविखन, वालविवाह, वहुविवाह तथा छाउपडीजस्ता कुप्रथा जस्ता सामाजिक विकृति तथा अपराधजन्य कार्यलाई न्यूनीकरण र निरूत्साहित गर्ने शुन्य सहनशीलताको नीति लिइनेछ ।
- लैगिंक हिंसा कोषको स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।
- गाउँपालिकाका किशोरीहरुका लागि आत्मसुरक्षा तालिमको व्यवस्था गरिनेछ ।
- महिला तथा एकल महिलाहरुलाई आत्मनिर्भर बनाउन सिप विकास र उद्यमशीलता तालिमबाट आर्थिक विकास तथा स्वाबलम्बन गरिनेछ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

- असमानता ,भेदभाव ,परम्परागत मुल्यमान्यता तथा स्थानिय रुपमा अभ्यास भएका केहि हानिकारक व्यवहारहरु कसरी समतामूलक र न्यायोचित समानको लागि अवरोध हुन भन्ने सम्बन्धमा सुचनामुलक स्रोत सामाग्री प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम, अन्तरकिया , छलफलजस्ता कार्यकमहरुको आयोजना निरन्तर रुपमा गरिनेछ ।
- लिङ्गमा आधारित हिंसा र भेदभावपूर्ण व्यवहार विरुद्धका हरेक कृयाकलाप तथा कार्यकमहरुमा किशोर तथा पुरुषहरुको अर्थपूर्ण सहभागिता पुऱ्याउन प्रत्येक माध्यमिक विद्यालयहरुमा अभिमुखिकरण कार्यकम सञ्चालन गरिनेछ ।
- जातीय आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै **विभेद मुक्त सुर्नया गाउँपालिका** निर्माण गर्ने नीति लिइनेछ ।
- महिला संजाल, दलित नेटवर्क, युवा संजाल, बाल संजाल, वृद्ध वृद्धा सम्मान कार्यक्रमहरु पारदर्शि रुपमा प्रत्येक वडामा नियमित सञ्चालन गरिनेछ ।
- बास्तविक अपाङ्गताको तथ्यांङ्क (संख्या, सिप, क्षमता) संकलन गरीने छ र अपांगता परिचयपत्र बितरण कार्यविधि २०७५ बमोजिम अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र लगायतका स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाहरु सरल तरिकाले उपलब्ध गराउन घुम्ती शिविर संचालनलाई थप प्रभावकारी र व्यवस्थीत गरिनेछ ।
- बालबालिकाहरुको क्षमता अभिवृद्धिका साथै हकहित प्रवर्द्धन गर्न **बालबालिकासंग अध्यक्ष कार्यक्रम** सञ्चालनमा ल्याईनेछ ।
- समुदायमा रहेका एकदमै विपन्न र एकल महिलाहरुलाई सहायेता प्रदान गर्न ***एकल महिलाहरुसंग उपाध्यक्ष कार्यक्रम*** सञ्चालनमा ल्याईनेछ ।
- अपाङ्ग परिचयपत्र वितरणलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न डिजिटल अपाङ्ग परिचय पत्र वितरण गरिनेछ ।

### ऊ) साँस्कृतिक प्रवर्द्धन

- यस क्षेत्रमा रहेका विभिन्न समुदायहरुले मनाउदै आएका गौरा, होरी, आदी चाड पर्व, धर्म संस्कृती लगायत मठ मन्दिर, संरक्षण र संर्म्वधन मा जोड दिईनेछ ।
- धार्मिक,सास्कृतिक तथा ऐतिहासिक महत्व बोकेका स्थान तथा सम्पदाहरुको खोजी र मौलिकता लाई संरक्षण र प्रवर्द्धन गर्दै लगिनेछ ।
- स्थानीय भाषा, लिपी,साहित्य र कलालाई प्राथमीकताका साथ संरक्षण र सम्वर्द्धन गरिनेछ ।

### ग) पुर्वाधार बिकास सम्बधी नीति

- कोभिड १९ पश्चात रहने उच्च बेरोजगारीतालाई सम्बोधन र रोजगारी सृजना गराउन जनशक्तीको बर्गिकरण गरि आवश्यक सिप दिई दक्ष र अदक्ष जनशक्तीलाई भौतिक पूर्वाधार निर्माण कार्यमा प्रयोग गरिनेछ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

- विकास निर्माणका कार्यहरुलाई दिगो समावेशी र परिणाममुखी बनाउन सुर्नया गाउँपालिकाको रणनीतिक विकास गुरुयोजना तयार गरिनेछ।
- संघीय सरकार, प्रदेश सरकार र यस गाउँपालिका अन्तरगतका योजनाहरु एकद्धार प्रणाली सञ्चालन गर्ने गरी आपसी समन्वय गरी योजनाहरु नदोहोरिने गरी व्यवस्थापन गरिनेछ।
- प्रत्येक टोल र वडामा मौजुदा योजनाहरुको समिक्षा गरी समस्याहरुको पहिचान गर्दै प्रभावकारी संयन्त्र मार्फत व्यवस्थापन गरिनेछ।
- गाउँपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट विनियोजन गरिनेछ। चालु आ.व.का अधुरा, क्रमागत योजनाहरु, आयोजनाको निरन्तरता र नयाँ आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ।
- नेपाल सरकारद्वारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन निर्माण संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्बन्धि मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र सहरी विकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि बढाईनेछ।
- "आवश्यकता र प्रतिफल" भन्ने नीतिका आधारमा सबै वडाहरुमा विकास निर्माण कार्यलाई अगाडी बढाईनेछ।
- विभिन्न पूर्वाधार निर्माण योजनाहरुको नियमित संचालन गर्न मर्मत सम्भार, संचालन र व्यवस्थापनको लागि गाउँपालिका मर्मत सम्भार कोष संचालन गरिनेछ र वास्तविक आवश्यकताको आधारमा योजनाहरुको मर्मत संचालन गरिनेछ।
- विगतमा निर्माण गरिएका योजनाहरुको दिगोपना र क्षमता अभिवृद्धि कार्यलाई मध्य नजर गरि उक्त योजनाहरुलाई स्व:संचालित बनाउन आवश्यक पहल गरिनेछ।
- योजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा फरफारक गर्दा Pre-project र post project photo को नीति अवलम्बन गरिनेछ।
- गाउँपालिका भित्रमा नक्सापाश नगरी बनाएका घरहरुको नक्सापासको प्रक्रिया अगाडि बढाई अभिलेखिकरण गरी नियमित गरिने छ। साथै नक्सापासको प्रकृयालाई अझै प्रभावकारी बनाई लागु गरिनेछ।

**सिंचाइ**

- सिंचाई र खानेपानीको आवश्यक परिपुर्ति गर्न र उक्त योजनाको दिर्घकालीन योजनाका लागि खानेपानी श्रोत व्यवस्थापन योजना सम्बन्धि अध्ययन गरि अगाडी बढाईनेछ।
- सुर्नया नदीको वरिपरिको भागमा कृषि उपजहरु उत्पादनका लागि सिंचाइ सुविधा पुर्‍याउन लिफ्ट सिंचाइ योजना निर्माण गर्नका लागि सम्भाव्यता अध्ययन गरि लिफ्ट सिंचाई योजना निर्माणमा विषेश जोड दिईनेछ।
- आफ्नै प्रशासनिक भवन नभएका वडा कार्यालयहरुमा भवन निर्माणका लागी आवश्यक पहल गरिनेछ।

अम्मर बहादुर कुंवर
गा.पा.अध्यक्ष

### विद्युत/उर्जा

- विद्युत लाइन विस्तार नभएका वडा ,वस्ती तथा टोलहरुमा विद्युतीकरणको लागि आवश्यक पहल गरिनेछ र विद्युत लाईन पुगेका स्थानमा गुणस्तरिय विद्युत सेवा सन्चालन गराउन निरन्तरता दिइनेछ ।
- स्थानीय स्तरको बस्ती र घरेलु उद्योग संचालनको लागि गाउँपालिका भित्रको खोलाहरुबाट साना जलविद्युत उत्पादन गर्नका लागि सम्भाव्यता अध्ययन गरि निर्माण कार्यलाई अगाडी बढाउन पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र पर्ने सडकको विभिन्न स्थानमा सडक सौर्य बत्ती वा विद्युत जडान गरिनेछ ।
- गाउँबासिहरुलाई विद्युत महशुल बुझाउन सहजताका लागी पालिकास्तरमा विद्युत महशुल काउन्टर स्थापनाका लागि पहल गरिनेछ ।
- उज्यालो गाउँ, धुवाँ रहित गाउँ बनाउनका लागी वैकल्पिक उर्जासँगको समन्वयमा सुधारिएको चुलो सम्बन्धी तालिम दिईनेछ ।

### यातायात

- सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण हुनेगरी यातायात गुरुयोजना (MTMP) निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँबासीहरुलाई सहज, सुलभ, र सुरक्षित यात्रा गर्नका लागि पालिकाका मुख्य मुख्य ठाउहरुमा यात्रु प्रतिक्षालय क्रमश: निर्माण गर्ने नीति लिईनेछ ।
- गाउँपालिका भित्रका घोरेटो बाटोलाई व्यवस्थित गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- पालिकाका अधिकांश बस्तीहरुमा सडक संजालले जोडिईसकेकोले उक्त सडकहरुलाई स्तरोन्ती गर्नका लागि सिंगल कटिङ्ग रोडलाई डबल कटिङ्ग र डबल कटिङ्ग रोडलाई नाली सहितको ग्राभेल र ग्राभेल सडकलाई पक्की नाली सहित कालोपत्रे सडकमा स्तरोन्नती का लागी आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाका प्रत्येक प्रमुख सडकहरुमा सरसफाई, मर्मत सम्भारका लागी कर्मचारीको व्यवस्थापन गरिनुका साथै ग्रामिण भेगमा चल्ने यातायातलाई भरपर्दो, सुरक्षित, सर्वसुलभ र उचित व्यवस्थापन गरिनेछ ।

## घ) वन वातावरण तथा विपत व्यवस्थापन सम्बन्धि नीति

### वन, वातावरण

- दिगो विकासका लक्ष्यहरुलाई आत्मसात गर्दै वन,वातावरण, जलवायु, पारिस्थितिक पद्धती, जैविक विविधताको संरक्षण गरि विकास निमार्ण कार्यलाई अवलम्वन गरिनेछ ।

अम्मर बहादुर कुँवर
गा.पा. अध्यक्ष

CamScanner

- गाउँभित्र रहेका सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षण गरिनेछ। त्यस्तासार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरीनेछ। साथै भु बर्गिकरणको योजना बनाई कार्यान्वयनमा ल्याईनेछ।
- *एक गाउँ एक सय बोट* कार्यक्रम प्रत्येक वर्ष प्रभावकारी अनुगमन सहित *एक घर एक फलफुलबोट* का लागी फलफुलका बोट वितरण गरिनेछ।
- वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिवृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले गाउँपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइनेछ।
- गाउँपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपण गरिनेछ र सामुदायिक निजी वनको अवधारणालाई प्रोत्साहन गरिनेछ।
- कईलेक संरक्षण एवं सम्वर्द्धन गर्दै संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन, वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र (Biodiversity hot Spot) को पहिचान तथा संरक्षण, जैविक विविधता लगायत रौलाकेदार, पातालभुमेश्वर र गोफकेदार क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना तयार गर्ने कार्यका लागी पहल गरिनेछ।
- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लगिनेछ। रेड प्लस कार्वन सञ्चितबाट यो गाउँपालिकाले अनुदान प्राप्त गर्ने सम्भावना भएकाले वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी ५ वर्ष भित्र गाउँपालिकालाई घरभित्रको धुवाँ रहितक्षेत्रको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा तिव्रता दिईनेछ।
- गाउँपालिकाका सबै वडाहरुमा रहेका सामुदायिक वनहरुलाई संरण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि क्षमता विकास गरिनेछ।
- वातावरणिय सन्तुलन कायम राख्न वन क्षेत्रभित्र रहेका जल, थल र उभयचर प्राणी आदिको संरक्षण अभियान थालिनेछ र सुर्नया नदिमा अवैध माछा संकलन रोकिनेछ।

**थ) विपद व्यवस्थापन**

- आकस्मिक रुपमा आई पर्ने माहामारी तथा विपत जन्य बिभिन्न रोग व्यादि,बाढि पहिरो र हावाहुरीलाई आकस्मिकरुपमा व्यवस्थापन गर्न गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरी व्यवस्थापन र परिचालन गर्नुका साथै प्रत्येक वर्ष उक्त कोषमा प्रत्येक वर्ष १ लाख भन्दा बढी रकम थपिनेछ।
- सुर्नया गाउँपीलका पुर्वाधार बिकास प्रक्रियामा विपत जोखिम न्युनिकरणका अवधारणलाई अवलम्बन गरिने छ।
- स्थानीय विपद जोखिम न्यनीकरण रणनितिक कार्ययोजना तथा विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ। साथै स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRMP) तर्जुमा गरि कार्यान्वनमा ल्याउनेछ। यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

- भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।

आ) फोहोर मैला व्यवस्थापन

- फोहोर मैला व्यवस्थापनका लागि पालिकामा बिभिन्न जनचेतनाका कार्यक्रम गर्न पहल गरिनेछ ।
- सुर्नया गाउँपालिकालाई स्वच्छ गाउँपालिकाको रूपमा स्थापित गर्न ***जसले फोहोर गरेको हो, उसैले सफाई गर्नुपर्छ भन्ने*** खालका जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- कुहिने फोहोरलाई प्रयोग गरी गमला तरकारी खेतीगर्ने अभियानलाई प्रोत्साहन गरिने छ। हरियाली वगैँचा निर्माण गर्नेलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- बजार क्षेत्र र सार्वजनिक स्थलमा क्रमश: सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र मर्मत सम्भार तथा संञ्चालनको उचित व्यवस्था मिलाईनेछ । र डस्टविन राख्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

ङ) सुशासन तथा संस्थागत बिकास सम्बन्धी नीति

अ) संस्थागत सुशासन

- गाउँपालिकामा E- governance प्रणालीको विकास गर्न आवश्यक पुर्वाधार निर्माण एंव सो को प्रभावकारी कार्यान्वय गर्ने नीति लिइनेछ ।
- पालिकामा हेल्प डेस्क व्यवस्थापन र गुनासो पेटिकामा आएका सुझाव तथा गुनासोहरुलाई समयमै फर्छ्यौट गर्न गुनासो संयन्त्र गठन गरिनेछ ।
- गाउँपालिकाको वेवसाईटमा गाउँपालिकाका गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक गरी नागरिकको सूचनामा पहुँच पुर्‍याईनेछ साथै गाउँपालिकावाट प्रदान गदै आएका सेवा सुविधाहरुमा यान्त्रिकिकरण गरी कम्प्युटरको माध्यमवाट प्रदान गरिनेछ ।
- निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुकालागी आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठीलाई प्राथमिकता दिई कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही बनाईनेछ ।
- वडाहरुमा बजेट विनियोजन गर्दा वैज्ञानिक मापदण्डका आधारमा भुगोल, जनसंख्या, लागत र पछाडिपरेका समुदायको वसोवास, राजस्व उठाउने क्षमता आदीलाई आधार बनाई बजेट बिनियोजन गरिनेछ ।
- जेष्ठ नागरिक, दलित, विधवा महिला, एकल महिला, दलित वालवालिका, पूर्णअशक्त अपाङ्ग, आशिंक अशक्त अपाङ्गहरुलाई प्रदान गरिदै आईरहेको सामाजिक सुरक्षा भता वितरण कार्य र व्यक्तिगत घटना दर्ता कार्य Online System लाई थप व्यवस्थित गरिनेछ ।
- सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूती दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको चौमासिक सार्वजनिक सुनुवाई

अम्मर बहादुर कुवंर
गा.पा. अध्यक्ष

गरिनेछ । साथै ३ लाख भन्दा बढी लागत भएका योजना सूचना पाटीलाई व्यवस्थित गदै कामका आधारमा रकम भुक्तानी गरिने नीति लिइनेछ ।

- गाउँपालिकावाट संञ्चालित आयोजना तथा कार्यक्रमलाई छिटो छरितो एवं प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि प्रत्येक आर्थिक बर्षकोको वैशाख मशान्त भित्र सम्पन्न गरी सो को भुक्तानि तथा फरफारक गर्नेगरी कार्य योजना तयार गरी कार्यान्वयन गर्ने नीति अवलम्वल गरिनेछ ।
- पेश्की, वेरुजु र भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ ।
- गाउँपालिकामा आवश्यक बिभिन्न ऐन, नियमावली, कार्यविधी निर्माण गरि लागु गरिनेछ ।
- गाउँपालिकाक्षेत्रभित्र कालोबजारी, कृत्रिम अभाव, एकाधिकार सृजना गर्ने व्यवसायीलाइ कारबाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरि अघि बढिनेछ । साथै बजार अनुगमनको कार्यलाइ तिब्रताका साथ निरन्तरता दिइनेछ ।
- गाउँपालिकाका सेवा र सूचनाहरु अनलाईन मार्फत प्रवाहित गरी सेवा र सूचनामा सबैको पहुँच पुर्याईनेछ ।
- सुशासन, सूचनाको हकको प्रत्याभूति र जवाफदेहीताका विभिन्न संयन्त्र तथा औजारहरुको अभ्यासका लागि नागरिक सहभागिता, नागरिक समाज र सञ्चार क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्ने खालका योजनाहरुलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम गर्ने र सुशासनको क्षेत्रमा काम गर्ने संस्थालाई सहयोग गरी असल अभ्यासहरुलाई प्रवर्द्धन गरिनेछ ।
- गाँउपालिकाको संस्थागत स्वमूल्याकंनको नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।
- गाउँपालिकाको समग्र योजनाबद्ध विकासको लागी मध्यकालिन खर्च संरचना सहितको आवधिक योजना निर्माण गरि यसैका आधारमा विषयगत रणनितिक योजना तथा वार्षिक योजना तयार गर्ने पद्धतिको विकास गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सबै टोलहरु समावेश गरेर टोल विकास संस्था गठन गरी योजना तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ । साथै टोल बस्तिमा समाजिक सहिष्णुता कायम गर्न एवम् सामजिक कुरितिहरुको उल्मुलन गर्न परिचालन गरिनेछ ।
- गाउँपालिकाले बाल क्लब, टोल बिकास संस्था, उपभोक्ता समिति, महिला समुह, कृषि समुह, सामुदायिक वन उपभोक्ता समिति, सहकारी लगायतका संस्थाहरु गठन गरी यिनिहरुको क्षमता विकास गरी विकास परिचालनमा समन्वय बढाइनेछ ।

## आ)राजस्व

कर तिर्नु कर्तव्य मात्र होईन गौरव पनि हो भन्ने सोचको विकास तथा कर कानुनको पालना गर्न करदाता साक्षरता कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

- सुर्नया गाउँपालिकाका सम्पुर्ण कर दाताहरको तथ्याङ्क संकलन गरि अभिलेख अध्यावधीक गरिने छ। राजस्व परिचालन गर्न बिभिन्न निकासंग समन्वय गरिनेछ।
- गाउँपालिकाको राजस्व प्रशासन सुधारको लागि राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयनमा ल्याइने छ साथै आर्थिक ऐन र कर तथा गैरकर राजस्व ऐन कार्यान्वयनमा ल्याइनेछ।
- करका दायरामा बृद्धी गरिनुका अतिरिक्त गाउँपालिकाको स्वायत्त अधिकार क्षेत्रभित्र रहने कर दस्तुरका बृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति अपनाई श्रोत साधनको परिचालन गरिने तथा साविकको आन्तरिक श्रोत बृद्धी गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।
- आन्तरिक राजस्व वृद्धीकालागी व्यवसाय करमा सार्वजनिक निजी साँझेदारीको अभ्यास अगाडी बढाईनेछ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योग व्यवसायलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउन कर जागरण कार्यक्रम सञ्चालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिईनेछ।
- व्यवसाय कर, वहाल कर तथा अन्य श्रोतको लगत अध्यावधीक गरिदै लगिनेछ।
- गाउँपालिकामा सफ्टवयरको माध्यमबाट संकलन गरीने राजश्वलाई नागरीकको सहजताकालागी सफ्टवयरको विस्तार मार्फत वडामै वडाबाटै राजश्व संकलन गर्ने व्यवस्था मिलाईनेछ।
- आन्तरिक राजश्व बृद्धिका लागी व्यवसाय कर, मालपोत कर, बहाल कर तथा बहाल बिटौली करको दायरा बढाउने नीति लिईनेछ।
- महालेखा परिक्षकको कार्यालयले औल्याएका बेरुजुहरु समयमै फर्छौट गर्न तदारुकताकासाथ कार्य गरिने छ र पालिकालाई बेरुजु शुन्य तथा वित्तिय अनुशासित गाउँपालिका बनाउने नीति अवलम्वन गरिनेछ।

**इ) सेवा प्रवाह**

- सेवा प्रवाहको न्यूनतम मापदण्ड नमुनाको रुपमा तयार सो को कार्यान्वयन प्रणाली बनाई सर्वसुलभ सेवा प्रवाह गरिनेछ।
- सेवाप्रवाहलाई प्रभाकारी बनाउन गाउँपालिकामा कार्यरत कर्मचारिहरुको क्षमता विकासका लागी आवश्यक तालिमको व्यवस्था मिलाईनेछ।
- **सेवाको वरिपरि नागरिक नभई नागरिकको वरीपरी सेवा** भन्ने सोचको बिकास गर्दै आवश्यकता अनुसार नाागरिकहरुको घर दैलोमै सेवा दिन घुम्ती सेवालाई थप प्रवाकारी बनाइनेछ।
- पारदर्शितालाई आत्मासाथ गर्दै प्रविधिको प्रयोगमा अभिबृद्धि गरी गाउँपालिका र प्रत्येक वडा कार्यालयमा सेवा सम्वन्धी नागरिक वडापत्र राखी प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ।
- गाउँपालिकाले गरेका कामकार्वाहीका सम्बन्धमा आम सुर्नया बासीहरुलाई जानकारी गराई पारदर्शिता मार्फत सुशासन अभिबृद्धिका लागी चौमासिक रुपमा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ।
- गाउँपालिकाको केन्द्रमा बैंक शाखा स्थापनाका लागी पहल गरी बैंक सेवामा नागरिकको पहुँच सहज बनाईनेछ।

**ई) सञ्चार र प्रविधी**

अम्मर बहादुर कुँवर
गा.पा. अध्यक्ष

CamScanner

- कार्यालयबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको सूचना तथा तथ्याङ्को पहुचका निम्ति गाउँपालिकामा डिजिटल डिस्प्ले बोर्ड राखी प्रविष्ठ गरिने छ। प्राप्त सूचनाको ग्राफ तथा प्रगति चार्टहरु बनाई प्रगती समीक्षासँग आवद्ध गरी समीक्षा गर्दा लक्ष्य र प्रगतीमा केन्द्रित भएर गरिनेछ
- मोबाइल एपका माध्यमबाट गाउँवासीले सरल र सहज रूपमा सेवा प्राप्त गर्न आफूसँग सम्बन्धित सूचनाहरूको उपयोग गर्न सक्ने, पालिकाको सेवाका बारे जानकारी लिइ आफ्ना गुनासा र समस्या समाधान गर्न सक्ने व्यवस्था का लागि पहल गरिनेछ।
- सि.सि.टिभिका माध्यमबाट प्रविधिमैत्री सुरक्षा नीति लिइने छ।
- गाउँबासीहरुमा सुचनाको पहुँचलाई विस्तार गर्न टोल टोलमा सुचना केन्द्रको स्थापना गरिनेछ।
- गाउँपालिका लगायत वडा कार्यालयहरुबाट अनलाईन माध्यमबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन गाउँपालिकामा भरपर्दो ईन्टरनेट जडान गरी व्यवस्थापन गरिनेछ।
- गाउँपालिका तथा वडा कार्यालयबाट गरिने सिफारिसहरुलाई डिजिटाईजेशन गरी सेवा प्रवाहमा सरल, सहज र अभिलेखिकरणका लागी कम्प्युटराइज डाटा बेसको व्यवस्था गरिनेछ।
- गाउँपालिकाबाट गरिने भुतानीलाई EFT प्रणालीबाट संचालन गरी वित्तिय सुशासन कायम गरिनेछ।

**ङ) न्यायिक समिति**

- न्याय सम्पादनलाई वैज्ञानिक र प्रभावकारी वनाई सवै समुदायको पहुच वढाई समुदायमा शान्तिपुर्ण वातावरण सृजना गर्न न्यायिक समितीको क्षमता अभिवृद्धि गरिने छ। साथै न्याय सम्पादनमा सहजताका लागी एक जना कानुनी सल्लाहकारको व्यवस्था गरिनेछ।
- न्यायिक समितीको कार्यमा चुस्तता ल्याउन सवै वडामा सामुदायिक मेलमिलाप केन्द्र गठन गरी मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्दै सामुदायिक मेलमिलापको माध्यमबाट विवाद समाधानमा जोड दिईनेछ। साथै उत्कृष्ट मेलमिलापकर्ताहरु मध्येबाट सम्मान कार्यक्रमलाई जोड दिईनेछ।

**ऊ) अन्य विविध नीतिहरु :**

- गाउँकार्यपालिकाका कर्मचारी, पदाधीकारीहरु, राजनैतिक दल तथा सरोकारवालाहरुको क्षमता विकास तथा गाउँपालिकाको संस्थागत विकास कार्यलाई सुदृढ गरिनेछ उक्त कार्यकोलागी विभिन्न संघ संस्थाहरुसंग समन्वय गरिने छ।
- गाउँपालिका महासंघ साझेदार संस्थाहरु बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एवं अन्य संघसंस्था सहित सरोकारवालाहरुसंग समन्वय बढाइनेछ साथै समन्वय बढाउन गाउँकार्यपालिका कार्यालयमा सहजता ल्याउन NGO desk स्थापना गरिने छ।
- सुर्नया गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरूको लगानीलाई एक द्वार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ। उक्त संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिवृद्धि गर्न गाउँपालिकाले विशेष संयन्त्र बनाई सम्पर्क व्यक्ति तोकिनेछ।
- ***योग गरौ स्वास्थ्य बनौ*** भन्ने नाराका साथमा घरघरमा योग पुऱ्याउने कार्यक्रमको शुरुवात गर्नकालागि आरोग्य केन्द्रको सुदृढिकरण गरिनेछ।

अम्मर बहादुर कुवंर
गा.पा.अध्यक्ष

CamScanner

- हाल स्वदेश तथा विदेशमा रहेका गाउँपालिका क्षेत्रका ख्याति प्राप्त ब्यक्ति, उच्च पदस्थ कर्मचारी, पूर्व प्रशासक, प्राध्यापक, साहित्यकार, उद्यमी, समाजसेवी, एवम् पदाधिकारी सहित सबै संग समन्वय गरी गाउँपालिकाको बिकासका लागि मार्ग दर्शन एवम् स्रोत जुटाउने कार्य का लागि सुर्नया विज्ञ ब्यक्ति समूह सूची तयार गरी निजहरु संगको सम्पर्क स्थापना गर्न भिडियो कन्फेरेन्स, तथा समन्वय बैठक आयोजना गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका गैर सरकारी सामाजिक संस्थाहरुको प्रोफाईल तयार गरिनेछ ।
- भुमिको अभिलेख र सुचना प्रणाली तयार गरिने छ ।

**सभाध्यक्ष ज्यु,**

**सभाका सदस्यज्यूहरु,**

नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक,अन्तरक्रिया तथा छलफलमा उपस्थित भै हामीलाई उल्लेखनिय सुझाव,सल्लाह दिई सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यु, गाउँसभाका सदस्यज्यूहरु, बिभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यू लगायत सम्पुर्ण समाजसेवी,बुद्धीजिवी महानुभावज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । यस गाउँसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने गाउँपालिकाका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत समितीका पदाधिकारी शाखाका प्रमुख तथा प्रतिनिधज्यूहरु हामीलाई रचनात्मक सुझाव सल्लाह दिनुहुने सम्पुर्ण आदरणिय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्तमा प्रस्तुत बजेट र कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुवाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर सुर्नया गाउँपालिका कार्यान्वयनको निम्ती अगाडी वढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा गरेको छु ।

**धन्यवाद !**

अम्मर बहादुर कुंवर
गा.पा.अध्यक्ष

मञ्जु महरा बोहरा
उपाध्यक्ष एवं गाउँसभा सदस्य
सुर्नया गाउँपालिका
रौलेश्वर, बैतडी

CamScanner